मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन १८ गते आइतबार ❑ 3 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## २०८४ मा एकल बहुमतको सरकार निर्माण लक्ष्य : महासचिव पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन

नेकपा (एमाले) गण्डकी प्रदेश कमिटीको चौथो पूर्ण बैठक पोखरामा शनिबार सुरु भएको छ । बैठकको उद्घाटन सत्रलाई सम्बोधन गर्दै नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले २०८४ सालमा एकल बहुमतको सरकार बनाउने लक्ष्यसहित विधान संशोधन प्रस्ताव ल्याइएको जानकारी दिनुभयो ।



महासचिव पोखरेलले समृद्ध नेपाल र सुखी नेपालीको अभियानलाई सफल बनाउन मिसन र भिजनसहितको सबल नेतृत्व आवश्यक रहेको उल्लेख गर्दै त्यसकै आधारमा संशोधन प्रस्ताव अघि सारिएको बताउनुभयो। उहाँले जनताले विश्वास गरिसकेको पार्टीलाई अब अत्यधिक बहुमतले स्वीकार्ने वातावरण बनाउन विशेष ध्यान दिन जरुरी रहेको धारणा राख्नुभयो । पार्टीका उपमहासचिव एवं सरकारका प्रवक्ता सूचना, सञ्चार तथा प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले पार्टी निर्माणका लागि अघिल्लो कार्यकालमा ल्याइएको दुई कार्यकालको सीमालाई परिमार्जन आवश्यक देखिएकाले विधान संशोधन प्रस्ताव आएको उल्लेख गर्नुभयो । उपमहासचिव गुरुङले समृद्धि र विकास एमालेकै प्रभावशाली नेतृत्वमा सम्भव रहेको भन्दै, मुलुकको आवश्यकता अनुसार पार्टीको नेतृत्व क्षमता अझै उचाइमा पुऱ्याउन संशोधन प्रस्ताव आएको बताउनुभया । उहाँले नेतृत्व क्षमता र निरन्तर मिहिनेतका आधारमा नेतृत्व चयन हुने व्यवस्था आवश्यक रहेको उल्लेख गर्दै, मन्त्रालय योजनामाफिक जनताको चाहना अनुसार अगाडि बढिरहेको र परिणाम दिन प्रयत्नशील रहेको दाबी गर्नुभयो । एमाले स्थायी कमिटी सदस्य तथा प्रदेश इन्चार्ज किरण गुरुङले प्रभावशाली पार्टी केवल प्रभावशाली नेतृत्वबाटै सम्भव हुने भन्दै सबै नेता तथा कार्यकर्तालाई एकता कायम गर्दै जनतामाझ जानुपर्नेमा जोड दिनुभयो । त्यसैगरी, स्थायी कमिटी सदस्य खगराज अधिकारीले पार्टीमा दक्षिणपन्थी अवसरवाद र अनुशासनहीनता हाबी हुन नहुने बताउँदै सबै कमिटी तथा सदस्यहरू पार्टीको नीति र निर्णयअनुसार दृढताका साथ लाग्नुपर्ने धारणा राख्नुभयो । गण्डकी प्रदेश कमिटी अध्यक्ष नवराज शर्माले बैठकमा प्रदेशमा भएका संगठनात्मक कार्य, आगामी रणनीति तथा अभियानबारे छलफल हुने जानकारी दिनुभयो ।

सो अवसरमा गण्डकी प्रदेशबाट नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री नियुक्त भएकी राष्ट्रियसभा सदस्य तथा केन्द्रीय सदस्य भगवती न्यौपानेलाई बधाई ज्ञापनसहित सम्मान समेत गरिएको थियो ।

अध्यक्ष शर्माको अध्यक्षतामा भएको बैठकमा स्थायी कमिटी सदस्य खगराज अधिकारी, पोलिटब्युरो सदस्यहरू जगत बहादुर विश्वकर्मा, टुकराज सिग्देल, मन कुमारी जि.सी., लिलाबहादुर थापा तथा केन्द्रीय सदस्यहरू भगवती न्यौपाने, भीम कार्की, इन्द्रलाल सापकोटा, कृष्ण थापा, चुडामणि जंगली, बालसिंह काउछा मगर, सिता सुन्दास, प्रभा कोइराला लगायतका नेताहरू सहभागी थिए । त्यस्तै, प्रदेश उपाध्यक्ष मिनप्रसाद गुरुङ, सचिव धनञ्जय दवाडी, उपसचिव तथा प्रचार विभाग प्रमुख मन्जु अधिकारी, उपसचिव दामबहादुर बिक लगायतका सदस्यहरूले वर्तमान राजनीतिक परिस्थिति र पार्टीको भावी रणनीति सम्बन्धमा आ-आफ्नो धारणा राखेका थिए । दुई दिनसम्म चल्ने बैठकले पार्टीको हालका गतिविधिको समीक्षा गर्दै समसामयिक विषयमा व्यापक छलफल गर्ने र आगामी कार्यक्रमको योजनासमेत तय गर्ने प्रचार विभाग सचिव रामजी प्रसाद लम्सालले जानकारी दिनुभयो ।

## व्यवसायीमैत्री प्रदेश निर्माणमा सरकार प्रतिबद्ध : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले व्यवसायीमैत्री प्रदेश निर्माणमा सरकार प्रतिबद्ध रहेको बताएका छन् । बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको २७ औं वार्षिक साधारण सभा तथा १४ औं अधिवेशनमा उनले यस्तो बताएका हुन् ।




"उद्योगी व्यवसायीहरूका लागि लगानीमैत्री वातावरण सिर्जना गर्नु हाम्रो प्राथमिकता हो", उनले भने । मन्त्री थापाले उद्योगी व्यवसायीहरूलाई भरोसा र आधारका रूपमा परिभाषित गर्दै प्रदेश सरकारले गरेका प्रयासहरूको अपेक्षित प्रचारप्रसार नहुँदा जनचेतनामा ती काम ओझेलमा परेको स्पष्ट गरे । उनका अनुसार प्रदेश सरकार अहिले उद्योगमैत्री नीतिगत संरचना निर्माण, व्यवसाय दर्ता प्रणाली सरलीकरण, सीप विकास तालिम र युवा उद्यमशिलता प्रवर्द्धनमा केन्द्रित छ । "उद्यमशील युवाहरूलाई नेपालमै लगानी गर्न प्रेरित गर्दै हामीले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय मातहतको सीप विकास तालिम केन्द्रबाट १९ किसिमका तालिम सञ्चालन गर्दै आएका छौं", उनले जानकारी गराए । तालिम लिएर स्वदेशमा नै उद्यम वा व्यवसाय गर्न चाहने युवालाई प्रदेश सरकारले ब्युपुँजी तथा बैंक ऋणको ५०% अनुदान उपलब्ध गराउने कार्यक्रम समेत ल्याएको भनाई उनको छ । मन्त्री थापाले गण्डकी प्रदेश सरकारले उद्योग-लगानी सम्मेलन गर्ने तयारी गरिरहेको र स्वदेशी तथा विदेशी लगानीकर्तालाई उद्योग स्थापनामा प्रोत्साहित गर्ने वातावरण निर्माण तर्फ लागिरहेको धारणा राखे । शासन व्यवस्थामा सुधार ल्याउन शिक्षा परामर्श संस्थाहरुको दर्ता-नवीकरण अब पोखराबाटै हुने व्यवस्था मिलाइएको र कम्पनी रजिस्टारको युनिट समेत प्रदेशमा नै स्थापना गर्न लबिङ गरिरहेको उनले जानकारी गराए । बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको भूमिका उल्लेखनीय रहेको भन्दै मन्त्री थापाले व्यापार प्रवर्द्धन, व्यवसायिक एकता र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने संस्थाको प्रयासको प्रशंसा गरे । २७ औं साधारण सभा तथा १४औं अधिवेशनले एशोसियसनलाई अझ सुदृढ बनाउने र व्यवसायमैत्री वातावरण निर्माणमा सहयोग गर्नेमा उनी विश्वस्त छन् ।

## आरयू फेस्टमा मन्त्री न्यौपाने, भनिन्- हरित रोजगारी सिर्जनामा पोखराबाट सिक्नुपर्छ

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भगवती न्यौपानेले शनिबार पोखरामा रिसाइक्लिङ तथा अपसाइक्लिङ (आरयू) फेस्टको अवलोकन गरेकी छन् ।



मन्त्री नियुक्त भएपछि पहिलोपल्ट पोखरा आएकी उनले पोखरा इभेन्ट सेन्टरमा पुगेर फेस्टको अवलोकन गरेकी हुन् । उनलाई पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य, कोइका र यूएनडीपीका प्रतिनिधिले स्वागत गरे । फेस्टमा उनले पुराना र खेर गएका प्लास्टिक, सिसा, कपडा लगायतको पुनर्प्रयोग र पुनर्प्रशोधनबाट बनाइएका सामग्रीको अवलोकन गरिन् । फेस्टको अवलोकन गर्दै उनले फोहोर व्यवस्थापनसँगै हरित रोजगारी सिर्जना हुनु प्रशंसायोग्य रहेको बताइन् । 'रिसाइक्लिङ र अपसाइक्लिङले फोहोर मात्रै व्यवस्थापन हुँदैन, रोजगारी पनि सिर्जना हुन्छ भन्ने उदाहरण फेस्टिभलमा देखिएको छ,' उनले भनिन्, 'नेपालका अन्य सहरका लागि पनि यो परियोजना उदाहरणीय बन्न सक्छ ।' उनले फेस्टमा स्टल राखेका आरयू उद्यमीलाई हौसला समेत प्रदान गरिन् ।

कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी) को सहयोगमा पोखरा महानगरपालिकाले सञ्चालन गरेको रिसाइक्लिङ र अपसाइक्लिङ मार्फत हरित रोजगारी सिर्जना परियोजना (जीसीआरयू) अन्तरगत आरयू फेस्ट शुक्रबार सुरु भएको थियो ।

फेस्टको दोस्रो तथा अन्तिम दिन शनिबार उत्पादक स्वयंमलाई फोहोर व्यवस्थापन प्रति उत्तरदायी बनाउन संवादको आयोजना गरिएको थियो । उद्योग वाणिज्य संघका प्रतिनिधि, वातावरणविद् र व्यवसायीसँग अनिल चित्रकारले 'हरित चक्रीय अर्थतन्त्रमा उत्पादकको विस्तारित उत्तरदायित्व' विषयमा संवाद चलाए । शनिबार नै कम गुणस्तरका प्लास्टिकको पुनर्प्रयोग गरी घरायसी सामान बनाउने प्रविधि, काठको विकल्पमा रिसाइकल गरिएको प्लास्टिक प्रयोगको प्रविधि, पुराना प्लास्टिकबाट कालोपत्र गर्ने प्रविधिका बारेमा विज्ञले आफ्नो प्रस्तुति राखेका थिए ।

रिसाइकल र अपसाइकल उद्योगको दिगोपनाका बारेमा फेस्टमा सहभागीले बुझ्ने मौका पाए । फोहोरबाट बनाइएका कपडाको पनि फेस्टमा प्रदर्शन गरिएको थियो । शनिबार सकिएको फेस्टमा दुई दिनसम्म झण्डै ५ हजारजनाले अवलोकन गरेका छन् । फेस्टको शुक्रबार पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य, कोइकाका कन्ट्री डिरेक्टर मोहेओन कोङ र युएनडिपीका प्रतिनिधि जुलियन चेभीलार्डले उद्घाटन गरेका थिए । फेस्टिभलमा देशभरिका नवप्रर्तनयुक्त रिसाइक्लिङ र अपसाइक्लिङ उत्पादनहरूको प्रदर्शनी,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीको प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा 'हिस्टो प्याथोलोजी' सेवा

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन


क्यान्सरलगायत सङ्क्रमणजन्य रोगको प्रयोगशाला परीक्षणका लागि गण्डकी प्रदेश सरकारअन्तर्गत पहिलोपटक 'हिस्टो प्याथोलोजी' सेवा सुरु गरिएको छ ।

पोखरास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाले गत बिहीबारदेखि उक्त सेवा सञ्चालनमा ल्याएको हो । यस सेवामार्फत शरीरका अङ्ग तथा तन्तुको सुक्ष्म परीक्षण गरी क्यान्सरलगायतका रोग पत्ता लगाउन सकिने प्रयोगशालाका निमित्त प्रमुख डा विश्वराज बरालले बताउनुभयो । "शरीरको भित्री र बाहिरी अङ्गको केही भाग निकालेर त्यसको प्रशोधन र सुक्ष्म परीक्षण गरी रोग पत्ता लगाइन्छ", उहाँले भन्नुभयो, "हिस्टो प्याथोलोजी जाँचबाट क्यान्सरलगायत जुनसुकै रोगको निदान गर्न सकिन्छ ।" सङ्घ सरकारअन्तर्गतका अस्पताल र अन्य केही निजी अस्पतालमा यो सेवा केही वर्षअघिदेखि सुरु भएपनि प्रदेशको स्वास्थ्य मन्त्रालयले पहिलोपटक 'हिस्टो प्याथोलोजी' सेवा सुरु गरेको हो ।

स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले प्रदेशको स्वास्थ्य सेवा विस्तार र सुदृढीकरणमा यो सेवाबाट महत्वपूर्ण टेवा पुग्ने बताउनुभयो । "प्रदेश सरकारमार्फत 'हिस्टो प्याथोलोजी' सेवा सुरु गर्नेमा हामी पहिलो बनेका छौं, प्रयोगशाला जाँचमा अत्याधुनिक प्रविधि भित्राएका छौं", उहाँले भन्नुभयो, "क्यान्सर परीक्षणका लागि अन्यत्रका अस्पताल जानुपर्ने बाध्यता हटेको छ, प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाबाट सहज रुपमा यो सेवा उपलब्ध छ ।" उक्त प्रयोगशालाले बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म सेवा दिँदै आएको छ ।

सरकारी र निजी जुनसुकै अस्पतालबाट आएका नमुना परीक्षण गर्ने गरिएको प्रयोगशालाका निमित्त प्रमुख डा बरालले बताउनुभयो । "दिनमा ५० देखि एकसय जनासम्म बिरामीलाई परीक्षण सेवा प्रदान गर्दै आएका छौं, प्रयोगशालामा २२ जना कार्यरत छौं", उहाँले भन्नुभयो ।



# फोटोग्राफर संघ गण्डकीको फोटो प्रतियोगिता घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

फोटोग्राफर संघ गण्डकी को स्थापना दिवस तथा १८६ औं बिश्व फोटोग्राफी दिवसको अवसरमा फोटो प्रतियोगिताको घोषणा गरेको छ।

संघ ले फोटोग्राफरहरुको सम्मान प्रविधिको ज्ञान, व्यवसायिहरुलाई उत्साह र फोटोग्राफरहरुको मनोवल उच्च प्रदान गर्ने उदेश्यले उक्त प्रतियोगिताको घोषणा गरेको संस्थाका महासचिव प्रेम प्रसाद पराजुलीले जानाकारी गराए । कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल र संस्थाका अध्यक्ष नारायण बहादुर केसी ले ब्यानर खोलि प्रतियोगिताको शुभारम्भ गर्नुभएको थियो । कार्यक्रमको समुद्धघाटन पश्चात सम्बोधन गर्दै प्रमुख अतिथि पौडेलले फोटोग्राफी क्षेत्रमा फोटोग्राफर संघ गण्डकीले देशै भरिका फोटोग्राफरहरुलाई प्रोत्साहीत गर्नका लागि स्थापना गरेको यो प्रतियोगिता निकै सह्रायिन कार्य भएको बताउनु भयो साथै उहांले पत्रकारीता क्षेत्रमा फोटोको निकै ठुलो महत्व हुने भएको हुंदा पत्रकारीता र फोटोग्राफीको नङ र मासुको सम्बन्ध रहेको बताउनु भयो।




फोटोग्राफर संघ गण्डकी को स्थापना दिवस भाद्र २० गते समापन गरिने प्रतियोगितामा मिराज राष्ट्रिय बैवाहिक फोटो प्रतियोगिता अर्न्तगत बिभिन्न ६ ओटा विधा सार्वजनिक गरेको छ। बेष्ट फोटो अवार्ड, ब्राईड एण्ड ग्रुम हेड सट,बेष्ट कलरिङ एण्ड रिटचिङ, बेष्ट मोमेन्ट क्याप्चरिङ, बेष्ट कपल पोजिङ, बेष्ट कल्चर गरी ६ ओटा बिधा रहेका छन । बेष्ट बैवाहिक फोटो अवार्डका लागी रु १५,५५५ नगद ट्रफी र प्रमाण पत्र रहेको छ भने अन्य बिधामा ट्रफी र प्रमाण रहेका छन् । मिराज राष्ट्रिय बैवाहिक फोटो प्रतियोगिता भने बर्ष भरिनै सामाजिक संजाल संस्थाको फेसबुक पेज मार्फत चलिरहेको छ र प्रत्येक महिनाका उत्कृष्ट प्रतियोगिहरुलाई समेत गुगल फर्म मार्फत समेटेर छनोट गरिने र बैबाहिक फोटो प्रतियोतिामा नेपालका बिभिन्न जात जातीका धार्मीक एवम संकृतीक पहिचान लाई प्राथमिकतामा राखेर पुरस्कृत गर्नुपर्ने मिराज राष्ट्रिय बैवाहिक फोटो प्रतियोगिताका अक्ष्यकोषदाताभक्तबहादुरतामाङले बताउनुभयो । मिराज राष्ट्रिय बैवाहिक फोटो प्रतियोगिताका लागि मिराज फोटोका संचालक भक्त तामाङ/बृहस तामाङले रु २ लाखको अक्षयकोषको स्थापना गरिदिनुभएको छ र त्यसैको प्राप्त ब्याज बाट पुरस्कृत गरिदै आएको छ । यसैगरी संस्थाका बरिष्ठ उपाध्यक्ष तुलसी राम सुवेदीले फोटो प्रतियोगिता घोषणा सार्वजनिक गर्दै फोटो ब्यवसायीहरुको मुख्य आम्दानीको श्रोतका रुपमा रहेको वैवाहिक फोटोग्राफीको उजागर साथै हौसला र सम्मानका लागि मिराज राष्ट्रिय बैवाहिक फोटो प्रतियोगिताका साथै संस्थाले गण्डकी प्रदेशलाई बिश्वभरी नै चिनाउने उद्येश्यका साथ यहाँका प्राकृतिक छटाहरुलाई उजागर गर्ने र आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्नका लागी नेचर एण्ड ल्याण्डस्केप बिधामा पनि प्रतियोगिताका घोषणा गरिएको कुरा बताउनु भयो । नेचर एण्ड ल्याण्डस्केप बिधा अन्तर्गत फोटोहरु गण्डकी प्रदेश भित्रको हुनुपर्नेछ भने देशै भरिका फोटोग्राफरहरु यस प्रतियोगितामा भाग लिन पाउनेछन । उक्त प्रतियोगितामा बेस्ट फोटोले नगद रु १०,००१ ट्रफि र प्रमाणपत्र पाउनेछन भने उत्कृष्ट १० तस्विरलाई पुरस्कृत गरिने छ। कार्यक्रममा पर्वत फोटोग्राफर संघका अध्यक्ष तथा पर्वत जिल्ला संयोजक बिजय शर्मा जैसी, संस्थाका पुर्व सल्लाहाकर तथा पत्रकार ईन्द्र प्रसाद पौडेल, नेपाल फोटोग्राफर महासंघका केन्द्रिय सदस्य रविनाथ दाहाल , प्रेस स्वतन्त्रता सेनानी पदम पाणी रेग्मी लगायतले शुभकामना मन्तब्य राख्नु भएको थियो।

प्रतियोगिता घोषणा कार्यक्रममा फोटोग्राफर संघ गण्डकी का अध्यक्ष नारायण बहादुर केसीको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका कोषाध्यक्ष रामचन्द्र पोखेलले स्वागत मन्तब्य राख्नुभएको थियो भने कार्यक्रम संचालन संस्थाका महासचिव प्रेम प्रसाद पराजुलीले गर्नुभएको थियो।

# अग्रज पत्रकार बद्रीविनोद प्रतीकलाई मातृशोक

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

पोखराका अग्रज पत्रकार बद्रीविनोद प्रतीकलाई मातृशोक परेको छ । उहाँकी आमा विष्णुमाया खनालको ९१ वर्षको उमेरमा शुक्रबार बिहान निधन भएको उहँको पारिवारीक श्रोतले जनाएको छ। हृदयघातका कारण पोखरा स्थित आफ्नै निवासमै उहाँको निधन भएको स्थानियले बताउनुभयो।

केही दिन अघि स्वास्थ्यमा सामान्य समस्या देखा परे पछि उहाँलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गर्न लगिएको थियो । उहाँलाई पछिल्लो समय मुटु सम्बन्धि समस्या रहेको बताइन्छ।

स्व.विष्णुमाया खनालका ५ छोराहरू अग्रज पत्रकार बद्रीविनोद प्रतीक, रामजी खनाल, सुरेन्द्र खनाल, केदार खनाल र प्रेमविनोद खनाल र २ छोरीहरु रहनु भएको छ। स्वर्गीय खनालको शुक्रबारै रामघाटमा दाह संस्कार गरिएको छ।

# मानसिक शान्ति खोज्दै नेपाल आउँछन पर्यटक पोखरा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

नेपाल हिमालय र पदयात्राका लागि मात्र नभई, योग, ध्यान तथा पूर्वीय दर्शनका अभ्यासहरूबाट मानसिक शान्ति खोज्ने अन्तर र्ष्ट्रिय पर्यटकका लागि समेत एक प्रमुख आध्यात्मिक गन्तव्य बन्दै गएको एक अध्ययनले देखाएको छ।

पोखराको लेकसिटी कलेज एन्ड रिसर्च सेन्टर अन्तर्गतको समाज विज्ञान केन्द्रले शनिबार आयोजना गरेको 'कचहरी' शृंखलामा पोखरा विश्वविद्यालयका उपप्राध्यापक डा. रामप्रसाद अर्यालले प्रस्तुत गरेको अनुसन्धान प्रतिवेदनले उक्त निष्कर्ष निकालेको हो। प्रतिवेदनअनुसार, सन् १९९७ मा तीर्थयात्राका लागि ४,०६८ विदेशी पर्यटक नेपाल आएकोमा सन् २०१७ मा यो संख्या ३५ गुणाले बढेर १ लाख ४१ हजार ३३ पुगेको थियो। डा. अर्यालले नेपालको आध्यात्मिक आकर्षण तीव्र गतिमा बढिरहेको बताउँदै यो केवल संयोग नभएर एक स्थापित प्रवृत्ति भएको उल्लेख गरे। डा. अर्यालले आफ्नो अध्ययनका क्रममा भेटिएका पर्यटकहरूको अनुभव उद्धृत गर्दै भने, ' उनीहरू नेपालको भूमिमा एक विशेष आध्यात्मिक स्पन्दन र ऊर्जा महसुस गर्छन्, जुन अन्य भौतिकवादी देशहरूमा पाइँदैन ।' प्रतिवेदनमा पोर्चुगलका २३ वर्षीय कार्लोसले रेकी सिक्न पोखरा आएको, बेल्जियमका २८ वर्षीय दानले पूर्वीय दर्शनमा गहन सत्य पाएको र नेदरल्यान्डका ५४ वर्षीय रामदासले नेपाललाई ' भगवानको भूमि' को संज्ञा दिएको जस्ता अनुभव समेटिएका छन् । अध्ययनले योग, ध्यान, भजन र कीर्तन जस्ता अभ्यासले धर्मको परिधिभन्दा बाहिर रहेर पनि मानिसको मानसिक सन्तुलन र जीवन सन्तुष्टिमा उल्लेखनीय सुधार ल्याएको देखाएको छ। डा.




अर्यालका अनुसार, उनको अध्ययन विश्व स्वास्थ्य संगठनले प्रस्ताव गरेको अवधारणात्मक ढाँचामा आधारित छ, जसले आध्यात्मिक अभ्यासको स्वास्थ्य र समग्र जीवनमा पर्ने असरलाई जोड दिन्छ। कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभाकी पूर्व सदस्य डा. पुष्पा केसीले आधुनिक जीवनको तनाव व्यवस्थापनका लागि आध्यात्मिक केन्द्रहरू महत्त्वपूर्ण हुने बताइन् । उनले भनिन्, 'हाम्रा आस्थाका केन्द्रहरूले अब स्वदेशी र विदेशी दुवैका लागि शान्तिको मलम लगाउनुपर्छ ।' जनप्रिय क्याम्पसका उपप्राध्यापक दीपेन्द्र पहारीले पूर्वीय दर्शनको शक्तिले नै विदेशीहरूलाई मानसिक सन्तुष्टि खोज्दै नेपालसम्म ल्याएको बताए । पर्यटन बोर्ड पोखराका प्रमुख मणिराज लामिछानेले करिब १२ प्रतिशत पर्यटक धार्मिक उद्देश्यले आउने गरेको तथ्याङ्क प्रस्तुत गर्दै भौतिकवादी विकासबाट आजित मानिसहरू पुनर्ताजगीका लागि यता आउने गरेको उल्लेख गरे । नीति तथा योजना आयोग गण्डकीका पूर्व उपाध्यक्ष डा. श्रीकान्त खतिवडाले पर्यटनको सबैभन्दा पुरानो विधा 'तीर्थाटन' भएको स्मरण गराउँदै भने, 'हामी धार्मिक रूपले सम्पन्न भूगोलमा छौँ तर यसको सदुपयोगमा चुकिरहेका छौँ ।' यसैगरी, डा. रामजी शर्माले 'वेलनेस टुरिजम'को बढ्दो महत्वबारे चर्चा गरे भने योगगुरु तीर्थप्रकाशले नेपालले शान्ति र आनन्दको केन्द्रका रूपमा अन्तर्राष्ट्रिय पहिचान बनाएको बताए। खगराज आचार्यले मनको शान्तिका लागि नेपाल आउने पर्यटकलाई उपयुक्त वातावरण बनाउनुपर्नेमा जोड दिए । खुला छलफलमा घनश्याम पौडेल, लक्ष्मण शर्मा, खेमराज जोशी, शान्ता पन्त भट्ट, रामप्रसाद गौतम र गणेश शर्माले पनि आ-आफ्नो धारणा राखेका थिए। कार्यक्रमको अन्त्यमा लेकसिटी कलेजका अध्यक्ष प्रा.डा. विश्वकल्याण पराजुलीले मानसिक र शारीरिक सन्तुष्टिका लागि आध्यात्मिक पर्यटन अपरिहार्य रहेको बताए । कलेजका संस्थापक उपेन्द्रप्रसाद पौडेलले अनुसन्धानमा लगानी अत्यन्तै कम भएको बताउँदै नेपालले आफ्ना पर्यटकीय उत्पादनलाई प्रभावकारी रूपमा बेच्न नसकेकोतर्फ सरोकारवालाको ध्यानाकर्षण गराए । सो अवसरमा कलेजका उपप्राध्यापक अनिश पौडेलले लेकसिटी कलेजमा मानविकी अन्तर्गत सामाजिक कार्य (बिएसडब्लु) र व्यवस्थापन अन्तर्गत पत्रकारितासहितको बिबिएस कार्यक्रम सञ्चालनमा रहेको जानकारी दिए। बिएसडब्लु चौथो वर्षमा अध्ययनरत सुयशा पुनले सञ्चालन गरेको कार्यक्रमको समापन तेस्रो वर्षकी विद्यार्थी प्रतिमा पौडेलले गरेकी थिइन्।

# नेवा मिसा पुच नयाँबजारको निशुल्क दन्त स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

पोखरा महानगरपालिका वडा नं. ९ स्थित नेवाः मिसाः पुचः नयाँबजारको आयोजना र पोखरा महानगरपालिका वडा नं. ९ को आर्थिक तथा पोखरा ११ स्थित अर्किड डेन्टल एण्ड अर्थोडन्टीक सेन्टरको प्राविधिक सहयोगमा शनिबार निशुल्क दन्त स्वास्थ्य शिविर सम्पन्न भएको छ।

नेपाल रेडक्रस सोसाइटी पोखरा ९ उपशाखाको सिद्धमार्गमा अवस्थित बहुउद्देश्यीय भवन परिसरमा आयोजना गरिएको उक्त कार्यक्रममा १५० भन्दा वढिले स्वास्थ्य लाभ लिएका थिए । शिविरमा दाँत परिक्षण गराउन आएका दाँतका विरामीलाई डाक्टर फि निशूल्क गर्नुका साथै अन्य जाँच तथा उपचारमा १०



देखि २० प्रतिशत छुट गर्ने डा. अन्जना कर्माचार्यले वताईन । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. ९ वडा अध्यक्ष दिपेन्द्र मर्सानी, वडा सदस्य नन्दराम गिरी, नेवा खल कास्कीका महासचिव श्रीकृष्ण कतिला, नेवा मिसा पुच नयाँवजारकी निवर्तमान अध्यक्ष यमुना तभ्र्या लगाएतले कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्दै नयाँवजार नेवा मिसा पुच सामाजिक कार्यमा अग्रसर संस्थाको रुपमा स्थापित गराएको वताए । अर्किड डेन्टल एण्ड अर्थोडन्टिक सेन्टर डा. अन्जना कर्मचार्य, डा. समि श्रेष्ठ, डा. लक्ष्मी पौडेल, पुर्णिमा किसान, आकृति मानन्धर र निता मगरले दाँतको परिक्षण गर्नुका साथै औषधि वितरण गरेका थिए।

कार्यक्रममा वडा सचिव कुलराज पौडेल, वडा सदस्य लक्ष्मी पहारी, टोलविकास संस्था वडा समन्वय समितिका अध्यक्ष उत्तम जोशी, नयाँवजार साँस्कृतिक समितिका अध्यक्ष योगेन्द्र वाटाजु, दरबारथोक टोलविकास संस्थाका अध्यक्ष मिलन केसी, पत्रकार कृष्ण रानाभाट, ल्याम पुच कास्कीका अध्यक्ष विनित जोजिजु, ल्याम पुच नयाँवजारका अध्यक्ष रोशन मानन्धर, भिन्तुना पत्रिकाका सम्पादक उदय अमात्य, वडा कृषि संजालकी अध्यक्ष विमला रानाभाट, टोलविकास संस्था, आमा समुह, महिला समुहका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । नेवा मिसा पुच नयाँ बजारकी अध्यक्ष कोपिला श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक तथा निवर्तमान अध्यक्ष मिरा श्रेष्ठ धन्यवाद ज्ञापन, स्वागत उपाध्यक्ष मिना माकाजु र सचिव उषा सिल्पाकारले कार्यक्रम संचालन गरेकी थिइन।

# जनप्रतिनिधिको ५० औं जन्मदिनमा दुनाटपरी बनाउने तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

पोखरा महानगरपालिका वडा नं. ९ की जनप्रतिनिधि वडा सदस्य गीता चर्माकारले आफ्नो ५० औं जन्मोत्सवको अवसरमा महिला दिदीबहिनीहरुलाई दुनाटपरी बनाउने तालिम दिएकी छन्।

शनिबार वडा स्तरिय दलित संजालको आयोजना तथा वडा सदस्य गीता चर्माकारको आर्थिक सहयोगमा दुना टपरी बनाउने तालिमको शुभारम्भ भएको छ र तालिममा वडा भित्र गठन भएका आमा तथा महिला समुहबाट २/२ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं. ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले जनप्रतिनिधिले जनताको आवश्यकता र आफ्नो संस्कृतिको जगेर्ना गर्नको लागि तालिमको आयोजना गर्नुभएकोमा प्रशंसा



व्यक्त गरेका थिए।

कार्यक्रममा वडा सदस्यहरु नन्दराम गिरी र लक्ष्मी पहारी, वडा सचिव कुलराज पौडेल, टोलविकास संस्था वडा समन्वय समितिका अध्यक्ष उत्तम जोशी, संगम मार्ग महिला समुहकी जया बराल, दरबारथोक मिडिका कृष्ण रानाभाट लगाएतले तालिम समय सान्दर्भिक भएको वताउँदै जनप्रतिनिधि गीता चर्माकारलाई जन्मदिनको शुभकामना दिएका थिए। तालिममा सहभागि वडा बाल मञ्च पोखरा ९ की अध्यक्ष परि वस्नेतले आफुले सिकेको सिप आफ्नो बाल मञ्चका साथीहरुलाई पनि सिकाउने वताईन । दुई दिनसम्म संचालन हुने उक्त तालिममा सरिता श्रेष्ठ र शर्मिला थापाले प्रशिक्षण दिएका छन्। वडा स्तरिय दलित संजालकी अध्यक्ष सपना विकको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष रोकवीर सुनारले र संचालन सचिव विमला परियारले गरेकी थिइन।

# आरयू ...

फोहोरलाई उपयोगी वस्तुमा रूपान्तरण गर्ने प्रक्रियाको प्रत्यक्ष प्राविधिक डेमो सो, जलवायु, दिगो पर्यटन विकास, हरित उद्यमशीलता र प्लास्टिक टू रोड प्रविधि माथि संवाद, युवाका लागि सिर्जनात्मक कार्यशाला, सार्वजनिक कला प्रदर्शनी, सहभागितामूलक गतिविधि, दक्षिण कोरियाको सफलता अनुभवमाथि विशेष संवाद सत्र, हरित रोजगारी, बजार पहुँच र दिगो जीविकोपार्जनका उपाय लगायत विषयमाथि चर्चा भएको थियो । हाल रिसाइक्लिङ र अपसाइक्लिङ मार्फत हरित रोजगारी सिर्जना परियोजना अन्तरगत कोइकाको ९.८ मिलियन अमेरिकी डलर र यूएनडीपीको ०.८७ मिलियन अमेरिकी डलर आर्थिक सहयोगमा पोखरामा ग्रिन भेन्चर जोन (जिभिजेड) सेन्टर निर्माण भइरहेको छ । पोखरा महानगरपालिका क्षेत्रमा १ सय ३६ सामुदायिक समूह निर्माण गरी उनीहरूलाई आवश्यक तालिम तथा प्राविधिक प्रशिक्षण पनि प्रदान गरिएको छ । 'यस परियोजनाले युवाहरूलाई रोजगारीसँग जोड्ने छ भने हरित अर्थतन्त्रको विकासमा महत्त्वपूर्ण योगदान गर्नेछ,' नगर प्रमुख आचार्यले भने । फोहोरमैलाको उचित व्यवस्थापन मार्फत हरित रोजगारी सिर्जना र चक्रीय अर्थतन्त्रको सिर्जनशील उपयोग आम समुदायका लागि निकै महत्त्वपूर्ण हुने विश्वास गरिएको छ । हरित अर्थतन्त्रमा योगदान पुऱ्याउने आरयू उद्यमलाई बढवा दिन दिगो नीतिको सुनिश्चितता सहित महानगरपालिकाले परियोजनाको स्वामित्व लिनेछ । परियोजना मार्फत आगामी २ वर्षमा ३ हजार रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर।

– पल क्लिथेरोई

## सम्पादकीय

# नेपाल खनाल वाक्युद्ध

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र सम्मानीत नेता झलनाथ खनालबीच वाक्युद्ध चलेको छ। तीन वर्ष अघि एमालेलाई विभाजन गरेर नयाँ पार्टी गठन गरेका दुवै नेता अहिले एकले अर्कालाई पार्टी छोडेर जान धम्की दिन थालेका छन। पार्टीलाई छोडेरकतै नजाने सम्मानीत नेता झलनाथ खनालले बताएका छन्। शनिबार पत्रकार सम्मेलन गरी सम्मानीत नेता खनालले आफूले पार्टी छोड्ने कल्पना पनि नगरेको बताएका छन। पार्टी अध्यक्ष माधवकुमार नेपालले एमाले विभाजन गरेकोमा पश्चात्ताप भए पार्टी छोडेर जान दिएको सुझावको जवाफ दिँदै खनालले पार्टीलाई रूपान्तरण गरेर अघि बढ्ने बताए।

खनालले पार्टी अध्यक्ष माधव नेपाललाई नेतृत्वमा कमजोरी गरेको हुँदा नैतिक रूपले पार्टी छाड्न भनेका छन्। 'झलनाथले पार्टी छोड्ने ? यो कल्पना नै नगरेको कुरा हो। बरू पार्टी सञ्चालन गर्न नसक्नेले छाडेर गए हुन्छ,' माधवलाई जवाफ दिँदै खनालले भनेका छन। नेता खनालले नेपालसँगको सम्बन्ध २०३२ सालदेखिको रहेको भन्दै विराटनगरमा पुगेर पत्रकारमाझ आफूलाई पार्टी छोड्न भनेको सुन्दा असाध्य दुःख लागेको बताए। 'यति लामो समय कम्युनिस्ट आन्दोलनबाट आएको नेता जिम्मेवार र परिप्क्व हुनुहोला भनेको त असाध्यै कमजोर पो हुनुहुँदोरैछ,' उनले भने। खनालले आफ्ना अभिव्यक्ति र लेखाइबाट प्रश्न उठे पार्टीभित्र छलफल गर्नुपर्नेमा नेतृत्वले अनावश्यक प्रतिक्रिया दिँदै हिँड्नु शोभनीय नभएको बताए।

सम्मानीत नेता खनालले नेपालसँग मिलेर विद्रोह गर्दा अध्यक्ष बन्ने प्रस्ताव आफैँले गरेकाले नेपाललाई स्मरण गर्न सुझाव दिएका छन। केही वैचारिक मतभेद सुरुदेखि नै हुँदै आएको खनाको वेला बेलाका अभिव्यक्तिबाटझल्किन्छ। संसदबाट एमसीसी पास गर्ने बेलामा आफ्नो फरक मत रहे पनि पार्टीले निर्णय गरेकाले छोडेको , सरकारमा सहभागी हुने सवालमा पनि अध्यक्ष नेपालले हतारिएर निर्णय लिने गरेको खनालको आरोप छ। 'सरकारमा जाँदा पार्टी स्पष्ट वैचारिक लाइन बनाएर मात्रै जानुपर्छ भन्ने झलनाथको मत थियो।, माधवजीले पुँजीपति वर्गको उत्थान गर्ने सरकारमा पनि सामेल हुने निर्णय गरेको गम्भीर आरोपबारे जवाफ नदिइ आमचुनावमा कांग्रेससँग मिलेर जान नहुने विचार राख्ने खनालको मत रहे पनि अध्यक्ष नेपालले मिलेर जाने निर्णय गर्दा त्यसको मारमा खनाल परेका कारण पीडा भएको हुनुपर्छ।

त्यो बेला धेरै कार्यकर्ताले कांग्रेसबाट धोका पाएको प्रतिकृया दिन्थे। माधव नेपालले पनि त्यस किसिमको प्रतिक्रिया आउने गरेका हुन। आखिर गल्तीको महसुस त भएछ। यस्तो कमजोरी स्वीकार गर्नेमा पार्टी कमिटीमा वैचारिक छलफल नै हुन नसक्नु एमालेलाई विभाजनगरेको औचित्य पुष्टि हुदैन। सम्मानीत नेता खनालको एमाले आजको वाम शक्तिहरूको प्रमुख शक्तिलाई स्वीकार गर्नुपर्छ भन्ने यथार्थलाई मनन गर्नुपर्छ। पार्टी नेतृत्वकै कारण देशभर रहेका कार्यकर्तालाई वैचारिक र राजनीतिक भिजन दिन नसक्नेले नेतृत्व लिनुपर्छ सक्दैन। आफ्ना दृष्टिकोण नराख्ने नेतृत्वको असफल हो। प्रतिक्रियाले वैचारिक पार्टी बन्न सक्दैन। ईमान्दार कार्यकर्तालाई निराश बनाउने काम रोक्न गल्तीलाई स्वीकार गरेर वाम एकतामा जान सकेमा आरोप प्रत्यारोप अन्त्य हुनेछ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाव |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# इन्द्रेणीको ५६ औ साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेलस्थित इन्द्रेणी एकिकृत विकास केन्द्रको ५६ औ साधारण सभा शनिबार सम्पन्न भएको छ।

२० वैशाख २०३७ मा स्थापना भएको केन्द्रको साधारण सभाको केन्द्रका संस्थापक अध्यक्ष राजेन्द्ररमण पराजुलीले उद्घाटन गरेका थिए। साधारण सभाले केन्द्रले गत आर्थिक वर्ष २०८१/२०८२ मा संचालन गरेको विभिन्न काम र गतिविधिको समिक्षा सगै चालु आर्थिक वर्ष २०८२/२०८३ मा गर्न प्रस्ताव गरिएका कार्यक्रमहरु र त्यसलाई संचालन गर्न आवश्यक बजेट समेत पारित गरेको थियो।

पारित कार्यक्रमहरुमा केन्द्रका सदस्यहरुलाई आवासीय तालिम संचालन सगै रिफ्रेशमेन्टका लागि भ्रमण कार्यक्रम संचालन, वार्षिकोत्सवमा रक्तदान, शवयात्रा वहान संचालन गर्ने, इन्द्रेणी आवासिय क्रियाकर्म भवनलाई थप व्यवस्थित गरि संचालन गर्ने, शवयात्रा वाहान र क्रियाकर्म भवन संचालनका लागि कोष खडा गर्ने, आउदो भाद्र ६ गते देखि भाद्र १५ गतेसम्म तेस्रो ऐतिहासिक टुंडिखेल तीज महोत्सव-२०८२ संचालन गर्ने, कुनै एक सामुदायिक विद्यालय छनौट गरी विद्यार्थीहरुलाई लक्षित गरी विद्यालय सपोर्ट कार्यक्रम संचालन गर्ने, इन्द्रेणी प्रतिभा पुरस्कारलाई निरन्तरता, इन्द्रेणी आवसीय क्रियाकर्म भवनको प्रवेशद्वारमा गेट निर्माण, इन्द्रेणी आवासीय माछापुच्छ्रे दृष्यावलोकन पार्कलाई आवश्यकता अनुसार व्यवस्थित गर्ने, केन्द्रको विधान अनुसार विशिष्ट सदस्य १० जनालाई, ३० जनालाई आजीवन सदस्यता र २० जनालाई साधारण सदस्यता प्रदान गर्ने लगायतका रहेका छन्। यसै गरि सभामा पोखरा १ स्थित सामुदायिक विद्यालयहरुबाट २०८१ को एसईईमा उच्च अंक ल्याउने तीन र केन्द्रका सदस्यका छोरा छोरीहरु मध्ये चार गरि सात जनालाई सम्मान गरिएको थियो। सम्मान गरिएका विद्यार्थीहरुमा राष्ट्रिय माविका निश्चल देवकोटा, सस्कृतका सुनिल पौडेल र रत्नाका रोशनी गुरुङ रहेकी छिन्। उनीहरुलाई जनही तीन हजार नगद र सम्मान पत्र सहित सम्मान गरिएको थियो। यसै गरि केन्द्रका सदस्यका छोराछोरीहरु अभिषेक सुवेदी, असिन गौतम, संगीता भट्टराई र शिवा गिरीलाई सम्मान गरिएको थियो।

सभामा केन्द्रका अध्यक्ष भानुभक्त अधिकारीले केन्द्रको आयोजनामा आउदो ६ देखि १५ भाद्रसम्म आयोजना हुने तेस्रो संस्करणको ऐतिहासिक टुँडिखेल तीज महोत्सव २०८२ को तयारी तीव्र गतिमा भै रहेको जानकारी दिएका थिए। १० दिने महोत्सवमा मौलिक तीजगीत प्रतियोगिता (आमा समूहगत), खुल्ला एक्ल नृत्य प्रतियोगिता, परम्परागत सिप ढिँकी जातो प्रतियोगिता, छेलो हान्ने प्रतियोगिता समेत संचालन हुनेछन्। यसै गरि महोत्सवमा दैनिक उपभोग्य सामान, कृर्षि, हस्तकला, बैक तथा वित्तिय सस्था, लत्ता कपडा, रेष्टुरेन्ट लगायत विभिन्न स्टलहरु सगै राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुती सगै वाल उद्यान समेत रहने अधिकारी जानकारी दिए।

# खानेपानी उपभोक्तालाई एक करोड २९ लाख विद्युत् महसुलमा अनुदान

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ साउन

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट तनहुँ र नवलपुरका १२९ खानेपानी उपभोक्ता समितिलाई विद्युत् महसुलमा अनुदान दिएको छ।

आर्थिक वर्ष २०८०/२०८१ को जेठदेखि २०८१/२०८२ वैशाखसम्म खानेपानी उपभोक्ता समितिलाई रु एक करोड २९ लाख ६७ हजार रकम वितरण गरेको कार्यालय प्रमुख शम्भुराज खनालले जानकारी दिनुभयो। गत वर्षको जेठ र असारको भुक्तानी भने चालु आवमा दिइने उहाँले बताउनुभयो।

गतवर्षदेखि उपभोक्तालाई सहुलियतदरमा खानेपानी उपलब्ध गराउने उद्देश्यले महसुलमा अनुदानको व्यवस्था गरिएको कार्यालय प्रमुख खनालले बताउनुभयो। रु २५ हजारसम्मको विद्युत् महसूलमा पूरै र सोभन्दा माथि प्रतिशतका आधारमा भुक्तानी गर्ने गरिएको उहाँले बताउनुभयो। यहाँ रु २५ हजारदेखि चालिस हजारसम्म ७५ प्रतिशत, रु ४० हजारदेखि ६० हजारसम्म ५०, रु ६० हजारदेखि ८० हजारसम्म २५ र रु ८० हजारदेखि रु एक लाखसम्मको महसुलमा १० प्रतिशतका दरले भुक्तानी दिने गरिएको छ। "उपभोक्ताले भुक्तानीका लागि विद्युत् महसुलको सक्कली बिल र जरिवाना नतिरेको हुनुपर्ने छ", उहाँले भन्नुभयो, "छ/छ महिनामा उपभोक्ता समितिबाट निर्णय गरी वडा कार्यालयबाट अनुदानका लागि सिफारिस पेस गर्नुपर्ने व्यवस्था गरिएको छ।"

# क्यानभासमा पोतियो मुस्ताङको ऋषि गुम्बा

**पोखरापत्र संवाददाता**
गण्डकी, १७ साउन

नेपाललाई विश्वको उत्कृष्ट गन्तव्य बनाउने महाअभियानका साथ देशका विभिन्न ठाउँमा पुगेर चित्रकला सिर्जना गर्दै आउनुभएका प्राज्ञ नगेनसिंह ठकुरीले मुस्ताङको मार्फास्थित ऋषि गुम्बालाई क्यानभासमा उर्तानुभएको छ।

ठकुरीले आफ्नो त्रिकोण क्यानभासमा थकाली जातिको भगवान मानिने ऋषि गुम्बा उतार्नुभएको हो। बहुविविधताले सजिएको नेपाल आफैँमा सम्भावना बोकेको क्षेत्र भए पनि यसको उजागर गर्न नसकिएको वास्तविकतालाई दृष्टिगत गर्दै कलाका माध्यमबाट यसको गरिमा र महिमालाई उँचो बनाउन ततत् ठाउँमा पुगेर कला सिर्जना गर्ने महाअभियानका साथ ऋषि गुम्बा समेटिएको उहाँले जानकारी दिनुभयो। देशका विभिन्न स्थानका सौन्दर्यतालाई कलामा उतार्दै नेपाल कला यात्रा पुस्तक प्रकाशन गर्ने योजना रहेको उहाँले बताउनुभयो। उहाँले हालसम्म ७७ जिल्लाका झण्डै १५० बढी ऐतिहासिक सम्पदास्थललाई क्यानभासमा उतार्नु भएको छ। नेपाल कलायात्रा पुस्तक विश्वको सबै भाषामा प्रकाशन गर्ने लक्ष्य उहाँको छ। "यो पुस्तक हरेक देशको विश्वविद्यालय र पुस्तकालयमा सोही देशको मातृभाषामा कम्तीमा पाँच सय प्रति निःशुल्क वितरण गर्ने योजना छ", उहाँले भन्नुभयो, "यी पुस्तकको स्वअध्ययन गरेर नेपाल घुम्न आउने विदेशी पर्यटकहरूको सङ्ख्या वृद्धि भई त्यसबाट नेपालको पर्यटन फस्टाउने र आर्थिक समुन्नतितर्फ जाने विश्वास लिएको छु।" उहाँ नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको २०७१ मा प्राज्ञ सभा सदस्य, २०७४ स्वर्णपदक, अरनिको युवा पुरस्कार (राष्ट्रिय युवा कोष), २०६९ दोस्रो राष्ट्रिय ललितकला प्रदर्शनी, नाफा (पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार), २०५९ सान्त्वना पुरस्कार पेन्टिङ प्रतियोगिता, नेपाल कर्मसियल आर्टिष्ट सङ्घ, केन्द्रीय समिति, राष्ट्रपतिद्वारा प्रबल जनसेवाश्री मानपदवी द्वारा २०८० वैशाख १ गते विभूषित र दर्जनौं पटक सम्मानित भइसक्नुभएको छ। कला विषयमा स्नातकोत्तर गर्नुभएका उहाँले १२औं पटकसम्म एकल कला प्रदर्शनी गर्नुभएको छ। यस महाअभियानमार्फत नेपाल कला यात्रा पुस्तक प्रकाशनार्थ स्वेच्छिक रुपमा जनही रु एक सय एवं सोभन्दा बढी सहयोग गर्नेहरू रहनुभएको जानकारी दिनुभयो। सहयोगदाताहरू नेपाल कला यात्रा पुस्तकको प्रकाशकका रुपमा रहनुहुने बताउँदै उहाँले हालसम्म रु एक लाख ६० हजारभन्दा बढी सहयोग सङ्कलन भइसकेको जानकारी दिनुभयो।

# एन प्याक्सनको हाजिरीजवाफ प्रतियोगितामा अञ्जुली प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

नेशनल प्याव्सन कास्कीले आयोजना गरेको हाजिरीजवाफ प्रतियोगितामा बगर टुडिखेलमा अवस्थित अञ्जुली आवासीय माध्यामिक विद्यालय प्रथम भएको छ।

नेशनल प्याव्सन कास्कीले संस्थामा आवद्ध विद्यालयहरुवीच आयोजना गरेको १९ एन प्याव्सन हाजिरीजावफ प्रतियोगितामा अञ्जुली प्रथम भएको हो। प्रतियोगितामा डायमण्ड मोडल स्कुल दोस्रो, श्री रत्न ज्योति मावि तृतीय, कास्की मोडर्नाइज्ड एकेडेमी सान्त्वना, त्रिवेणी पब्लिक मावि पाँचौ र विरेन्द्र मेमोरियल इङ्लिस बोर्डिङ स्कुल छैटौं भए। विजय विद्यार्थीलाई नेशनल प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी, उपाध्यक्ष मनकाजी गुरुङले पुरस्कार वितरण गरेका थिए। प्रतियोगितामा ३६ वटा विद्यालयका विद्यार्थीले सहभागिता जनाएको कार्यक्रम संयोजक पितृराज अधिकारीले जानकारी दिए। प्रतियोगिताको सहजिकरण रञ्जीत गुप्ता र डोलराज अर्यालले गरेका थिए।

यस अघि कार्यक्रमको उद्घाट गर्दै प्रमुख अतिथि शिक्षा विकास निर्देशनालयका महानिर्देशक दामोदर सुवेदीले एनप्याव्सनले गरेको हरेक कार्यक्रम उत्कृष्ट रहेको बताए। शिक्षण सिकाईका अलाव एन प्याव्सन कास्कीले विभिन्न खालका अतिरिक्त कार्यक्रमहरुको आयोजना गरी विद्यार्थीका अन्तरनिहित प्रतिभा उजागर गर्ने काम गरेको उनको भनाई थियो। एन प्याव्सन कास्कीले विद्यार्थीका प्रतिभालाई उजागर गर्ने शैक्षिक तथा खेलकुदका कार्यक्रमहरु आयोजना गर्दै आएको छ। यस अलावा आफ्ना विद्यालयका शिक्षकहरुलाई पनि तालिमहरु दिदै आएको छ। नेशनल प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष मनकाजी गुरुङले स्वागत र सचिव प्रेमराज अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए।


# माथिल्लो भुरुण्डी ए जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१८ गते**

निको इनर्जी लिमिटेडद्वारा गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका र पर्वत जिल्लाको मोदी गाउँपालिकामा निम्न बमोजिमको आयोजना कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | प्रस्तावकको नामः निको इनर्जी लिमिटेड<br>ठेगानाः मध्यपूर ठिमी-०३, भक्तपूर, नेपाल।<br>फोन नं.: ०१-५९२०२१५<br>इमेलः nikoenergy2018@gmail.com |
| **प्रस्तावको व्यहोरा** | यस माथिल्लो भुरुण्डी ए जलविद्युत आयोजना रन अफ रिभर (RoR) किसिमको आयोजना हो र यसको कुल क्षमता ९ मेगावाट रहने छ। यस आयोजना अन्तर्गत भुरुण्डी खोलामा बाँध बाँधी १.८ घनमिटर प्रति सेकेन्ड पानीलाई र महाबिर खोलामा बाँध बाँधी ०.७८ घनमिटर प्रति सेकेण्ड पानीलाई छुट्टाछुट्टै इन्टेक, ग्राभेल ट्राप हुँदै सेटलिङ्ग बेसिनसम्म पुऱ्याइनेछ। भुरुण्डी खोलाको पानीलाई २६६० मिटर लामो हेडरेस पाइप र महाबिर खोलाको पानीलाई १९३४ मिटर हेडरेस पाइप मार्फत सर्ज पाइप रहने स्थानमा पुऱ्याइनेछ। त्यसपश्चात जम्मा २.५८ घनमिटर प्रति सेकेण्ड पानीलाई ६८६ मिटर लामो पेनस्टक पाइपको सहायतामा विद्युतगृहमा झारिनेछ। पानीलाई उत्पादनका लागि प्रयोग गरिसकेपछि टेलरेसको माध्यमबाट महाविर खोलामा खसालिनेछ। उत्पादित विजुलीलाई भने १० कि.मि. लामो ३३ के.भी. प्रशारण लाइनमार्फत नेपाल विद्युत प्राधिकरणले निर्माण गरेको मोदी सब-स्टेशनमा जोडिनेछ। |
| **प्रभाव पर्न सक्ने जिल्ला र गाउँपालिका** | कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ९ पर्वत जिल्लाको मोदी गाउँपालिका वडा नं. १ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकः** | **परामर्शदाताः** |
| **प्रस्तावकको नामः निको इनर्जी लिमिटेड** | **रिसोर्सेस ल्याब प्रा.लि.** |
| **ठेगानाः मध्यपूर ठिमी–०३, भक्तपूर, नेपाल।** | **नयाँ बानेश्वर, काठमाण्डौं।** |
| **फोन नं.: ०१–५९२०२१५** | **फोन नम्बर : ०१–५२४४३३३** |
| **इमेलः** nikoenergy2018@gmail.com | **इमेल :** info@resourceslab.org |

# तेस्रो 'गौँडाको मुख क्वाँटी तथा गाईजात्रा उत्सव' मा दर्शकको भीड

**पोखरापत्र संवाददाता**
गण्डकी, १७ साउन

पोखरा-१३ स्थित बालगोपाल युवा समितिको आयोजनामा तेस्रो ' गौँडाको मुख क्वाँटी तथा गाईजात्रा उत्सव' शनिबार निकै उत्साहपूर्ण रुपमा सम्पन्न भएको छ।

उत्सवमा नेवारी परम्परागत खानपानदेखि सांस्कृतिक झल्को दिने विविध सानंस्कृतिक प्रस्तुतीले दिनभरि नै स्थानीयलाई भरपूर्ण मनोरन्जन दिलाइएको थियो । उत्सवमा क्वाँटीसहित विभिन्न नेवारी परिकारको प्रदर्शनी र स्वाद चखाउने कार्यक्रमले धेरैको ध्यान खिच्यो। साथै, धिमे बाजा, लाखे नाचलगायतका सांस्कृतिक प्रस्तुतीहरूले वातावरणलाई झनै जीवन्त बनाए। आयोजक समितिका अध्यक्ष तथा कार्यक्रम संयोजक धिरजप्रसाद ढेवाजुका अनुसार विगत तीन वर्षदेखि निरन्तर



आयोजना हुँदै आएको यस उत्सवले नेवारी संस्कृति जगेर्ना र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । नेवा मिसाः पुच पोखरा-१३ की अध्यक्ष सोनी ढेवाजुले पनि उत्सवले नेवारी भेषभुषा, क्वाँटी र गाईजात्रासँग सम्बन्धित मौलिक परम्परालाई संरक्षण र प्रसार गर्न ठूलो सहयोग पुगेको बताइन् । विशेषतस् गैर(नेवार समुदायको समेत बाक्लो सहभागितासहित सम्पन्न उत्सवमा ब्राह्मण, क्षेत्री, गुरुङ, मगरलगायत विभिन्न समुदायका बालबालिकाले सांस्कृतिक नृत्य र गीत प्रस्तुत गरेका थिए। आयोजकले यसलाई जातीय सद्भाव र सांस्कृतिक एकताको उत्कृष्ट उदाहरणका रूपमा लिएको छ । गौंडाको मुख क्षेत्र रंगीन ध्वजापताकाले झिलिमिली सजाइएको थियो भने विभिन्न स्टलमार्फत नेवारी संस्कार र संस्कृतिको प्रत्यक्ष अनुभव दिने व्यवस्था गरिएको थियो।

कार्यक्रमको उद्घाटन पोखरा-१३ का वडाध्यक्ष किरण बरालले गरेका थिए। बालगोपाल भजन किर्तन सेवा समितिका अध्यक्ष माधवनारायण श्रेष्ठ, पोखरा-१४ का वडाध्यक्ष बोधराज कार्की, नेवा खल कास्कीका उपाध्यक्ष प्रकाशलाल श्रेष्ठ, नेवा मिसाः पुचकी सचिव मिना श्रेष्ठलगायतका अतिथिहरूले पनि क्वाँटी संस्कृति र गाईजात्राको महत्वबारे आफ्ना विचार व्यक्त गरेका थिए। उक्त उत्सवमा अत्याधिक दर्शक सहभागि भएका कारण एक घण्टासम्म क्वाँटी सहितको खाजा खानेको भिड लागेको थियो । आयोजकले थोरै सङख्यामा सहभागि हुने अपेक्षा गरे पनि बढी दर्शक सहभागि भएको आयोजकले जनाएको छ । लाखे नाचले युवा देखि बालबालिकालाई बिषेश आकर्षण गर्यो ।

# अकबरेखेती गरेका किसानलाई बजारको चिन्ता

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ साउन

म्याग्दीको धौलागिरि गाउँपालिका-७ शिवाङका ओमराज मगर बारीमा लहलह फलेको अकबर खुर्सानी कहाँ लगेर बेच्ने भन्ने चिन्तामा हुनुहुन्छ ।

ओमराजले सञ्चालन गरेको धौलागिरि कृषि तथा पशुपंक्षी फार्मको छ रोपनी क्षेत्रफलमा फलेको अकबर खुर्सानी पाक्न थालेपछि उहाँ बजारको खोजीमा हुनुहुन्छ । म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-९ बनौका निर्मल पुन पनि फार्ममा फलेको अकबर खुर्सानी बेच्न बेनी, बागलुङ र कुश्मा बजारमा भौतारिनुभएको छ । शिवाङका ओमराज र बनौका निर्मलको जस्तै बजार अभाव अकबर खुर्सानीखेती गरेका किसानको साझा समस्या बनेको छ । बनौँ, शिवाङ र बेनी नगरपालिका-३ भकिम्लीमा अकबर खुर्सानीको व्यावसायिक खेती भएको छ । "गत वर्ष परीक्षणका लागि लगाएको ९० वटा बिरुवाको अकबर बेचेर रु ३० हजार आम्दानी भएपछि यसपाली छ रोपनीमा १२ हजार बिरुवा लगाएको छु", उहाँले भन्नुभयो, "स्थानीय बजार सानो छ । खपत थोरै हुन्छ । धेरै खपत हुने ठूला सहरका व्यापारी र अचार



उद्योग सञ्चालकसँग सम्पर्क नहुँदा समस्या भएको छ ।" यस क्षेत्रमा यसअघि व्यावसायिक अकबर खुर्सानीखेती भएका थिएन । घरायसी उपभोगका लागि मात्र अकबर खुर्सानीखेती गरेका थिए । बेनी, कुश्मा, बागलुङ र जोमसोमको बजारमा तराई र पूर्वी पहाडी जिल्लाबाट अकबर खुर्सानी आयात हुने गर्छ । आयातित खुर्सानीसँग प्रतिस्पर्धा गर्न नसक्नुपर्ने अर्को समस्या रहेको छ । स्थानीय किसानहरूले रासायनिक मल र विषादीको विकल्पमा जैविक विधिबाट खुर्सानीखेती गरेका छन् । रोग र किराबाट बचाउन खिर्राको पात, तितेपाती, गाईभैँसीको गहुँतको प्रयोगका साथै झार उम्रिन नदिन 'मल्चिङ' प्रविधि प्रयोग गरेका छन् । खुर्सानीको बोटभन्दा अन्य भागको जमिनमा झार पलाउन नदिन प्लास्टिकले छोपेर मल्चिङ गरिएको हो । प्लास्टिकले झार उम्रन नदिने र बिरुवाले पर्याप्त पोषकतत्व पाएर उत्पादन राम्रो हुने किसान ओमराजले बताउनुभयो । स्थानीय बजारमा अकबर खुर्सानीको मूल्य प्रतिकिलो रु २५० देखि रु ३०० छ । दिउँसो २२ देखि २५ डिग्री सेल्सियस र राति १५ देखि २० डिग्री सेल्सियस तापक्रम हुने उच्च पहाड र तराईको भूगोलमा अकबर खुर्सानीखेती गर्न सकिन्छ । तरकारी, दाल, अचारमा ताजा खुर्सानीको प्रयोग हुन्छ । जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले अकबर खुर्सानीको बजारीकरणका लागि स्थानीय व्यापारीका साथै पोखरा, काठमाडौँका बजार र अचार उद्योगीलाई कृषकको सम्पर्कमा ल्याउन पहल गरिरहेको बताउनुभयो । खुर्सानीखेतीका लागि मल्चिङ, खनजोत गर्ने उपकरण र रोगकिरा नियन्त्रणका लागि परामर्शका साथै प्राविधिक सहयोग गरेको उहाँले बताउनुभयो ।

# हिमालय क्लवद्वारा मानव सेवा आश्रमलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

पोखराको अग्रणी सामाजिक संस्था हिमालय क्लव, बाटुलेचौरले मानव सेवा आश्रम, हेम्जालाई आर्थिक सहयोग गरेको छ ।

क्लवको वार्षिक कार्यक्रम अन्तर्गत शनिवार विहान हेम्जा पुगेर नगद १५ हजार रुपैयाँ आर्थिक सहयोग गरेको सुचना अधिकारी शिवराज देवकोटाले जानकारी दिनुभयो। सो रकम क्लवका निवर्तमान अध्यक्ष एवं कार्यक्रम संयोजक सुशील बस्नेत, अध्यक्ष मोहन थापा, मानार्थ सदस्य बेनीबहादुर बस्नेतले आश्रमका व्यवस्थापक सम्झना बर्तौलालाई हस्तान्तरण गर्नुभयो।सो अवसरमा क्लवका अध्यक्ष मोहन थापाले राज्यले गर्नुपर्ने दायित्व नागरिक स्तरबाट संचालन भएको आश्रमले गरिरहेकोमा प्रशंसा गर्दै, सबैको सहयोगबाट नै आश्रम संचालनमा



सहज हुने बताउनुभयो । व्यवस्थापक बर्तौलाले विभिन्न सामाजिक संघ, संस्था र सेवा भावले नै आश्रम संचालन भएको बताउनुभयो ।

सोही अवसरमा आश्रम संचालन सहयोगार्थ क्लवका मानार्थ सदस्य वेनी व बस्नेतले रू १० हजार, सल्लाहकार खिमलाल अधिकारीले रू १० हजार, सल्लाहकार कुमार श्रेष्ठले रू ५ हजार, हिमालय कृषि सहकारीका सञ्चालक समिति सदस्य झलक थापा मगरले रू ५ हजार, बाटुलेचौर हिमालय सहकारीका अध्यक्ष दुर्गालाल श्रेष्ठले २ हजार ५ सय, ईन्दु भट्टराईले २ हजार, ईन्दिरा पोखरेल तिमिल्सिनाले २ हजार, मिना गुरुङले २ हजार, शारदा तिमिल्सिना, रूद्र वहादुर थापा, बुद्धि बहादुर बानियाँ, पुष्पराज अधिकारी, रामनाथ पौडेल लगायतले आर्थिक सहयोग प्रदान गर्नुभयो । आश्रमको हेम्जा शाखामा १ सय ८० जना पुरुष तथा बालक र छोरेपाटन शाखामा ९३ जना असहाय महिला आश्रित छन् । क्लवले आन्तरिक धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सराङ्कोट धार्मिक क्षेत्रको समेत अवलोकन गर्यो ।

# 'बाख्रापालनबाट मिल्यो सफलता'

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ साउन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ राम्चे काफल डाँडाका जगबहादुर फगामीले वैदेशिक रोजगारबाट फर्किएर सुरु गरेको बाख्रा पालनबाट आत्मनिर्भर बन्नुभएको छ । रोजगारको शिलसिलामा तीन वर्ष मलेसियामा काम गर्नुभएका फगामीले कम्पनीले पारिश्रमिक नदिएर धोका दिएपछि गाउँ फर्किएर बाख्रा पालन सुरु गर्नुभएको थियो ।

"विदेशको ठक्करले गाउँ फर्किएर एउटा बाख्रा किनेर खेतीकिसानी गरेर परिवार चलाउनथालेको थिए, बाख्राले जुम्ल्याह पाठा पाठी जन्माउन थालेपछि बाख्राको सङ्ख्या बढ्दै गयो, पछि राम्चे बाबा समूहको ५३ वटा बाख्रा रु दुई लाखमा खरिद गरेर बाख्र पालनलाई व्यावसायिक बनाएको हुँ," फगामीले भन्नुभयो । उहाँ अहिले गाउँमै उपलब्ध स्रोत, श्रम र सीपको सदुपयोग गर्दै आत्मनिर्भर बन्न सकिन्छ भन्ने उत्कृष्ट उदाहरणको पात्र बन्नुभएको छ । उहाँले विगत ६ वर्षदेखि बाख्र पालनलाई व्यवस्थित र व्यावसायिक बनाउनु भएको हो । फगामीले सञ्चालन गर्नुभएको 'सुतारे एकीकृत कृषि तथा पशुपंक्षि फर्म'मा अहिले १५० वटा बाख्रा छन् । फर्ममा रहेका ४० वटा माउ बाख्रा ब्याउने छन् । चाडपर्व र विभिन्न पूजा आजामा खसीबोका र पाठा पाठीको बिक्रीहुने गरेको छ । उत्पादन भएका खसीबोका गोठ र खोरबाटै बिक्री हुने गरेको बाख्रा पालक कृषक फगामीले जानकारी



दिनुभयो । उहाँकाअनुसार, बाख्रा पालनबाट मासिक रु ४० हजारदेखि ५० हजारसम्म आम्दानी हुने गरेको छ । फर्ममा फगामी दम्पतीका साथै छोरा बुहारीले बाख्राको रेखदेख र स्याहार गर्दै आएका छन् भने चरन क्षेत्रमा लैजानका लागि एक जनालाई रोजगारिसमेत दिइएको छ । हिउँद याममा बेसीँका फाँटमा खेतवारीमा घाँस खुवाएर मल बनाउने बाख्रालाई जेठ लागेपछि भने ढरुवा, धौलापारा, साँधीखर्कलगायतका लेकाली क्षेत्रका वनजङ्गलमा चरनका लागि लैजाने गरिएको छ । बाख्रा पालनबाट स्वरोजगार र आत्मनिर्भर बन्नुभएका फगामीले बाख्र पालनसँगै भेडापालन गर्ने योजनासमेत बनाउनुभएको छ ।

बाख्र पालनलाई थप व्यवसायिक बनाउनका लागि अहिले खोरको क्षमता विस्तार गरिएको छ । आर्थिक वर्ष २०८१/०८२मा अन्नपूर्ण गाउँपालिकाले पशुपंक्षिको लागि गोठखोर निर्माण योजनाबाट उपलब्ध गराएको अनुदानबाट करिब तीन सय बाख्रा पालनगर्न सक्ने क्षमताको खोर निर्माण गरिएको छ । गाउँपालिकाबाट प्राप्त भएको रु एक लाख ६६ हजार अनुदान रकममा आफूहरुले श्रमदान र नगद साझेदारी गरी करिब साढे तीन लाख लगानीमा व्यवस्थित खोर निर्माण गरिएको बाख्रा पालनक किसान फगामीका छोरा राजु फगामीले बताउनुभयो ।

छोटो समयमै हुर्कने र अन्य पशुपंक्षिको तुलनामा नगद आम्दानीसमेत बढी हुने भएकाले सिङ्गो परिवारले नै बाख्रा पालनलाई अङ्गालेका छन् । विभिन्न समयमा बाख्रामा आउने रोगको पहिचान गरी उपचार गर्न नसक्दा धेरै क्षति व्यहोरेका फगामी परिवारले हार नखाएर बाख्रा पालनलाई निरन्तरता दिएकै कारण अहिले सफलता प्राप्त गरेका हुन् । आलुसँगै अन्नबालीको खेती किसानीसमेत गर्दै आएपनि घरपरिवारको अन्य आम्दानीको स्रोत नहुँदासमेत बाख्र पालनबाटै भएको आम्दानीबाट परिवारले घरखर्च जुटाउँदै आएको फगामीले बताउनुभयो । उत्पादन भएका खसीबोका र पाठा पाठीको उचित बजारको सुनिश्चित हुन सकेमा बाख्र पालनलाई अझैं व्यावसायिक बनाउने फगामी परिवारको योजना रहेको छ ।

# सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने अत्यन्त जरुरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/०४/१८**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना ब्याज र अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्था सँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा मिति २०८२/०३/१३ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत सस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले पुनः दोस्रो पटक ऋण चुक्ता गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण सावा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम चुक्ता गर्न गराउन हुन ऋणी सदस्य, ऋणको धितो सुरक्षण लेखाइदिनु हुने धनि जमानी कर्ताहरुलाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तपाइले ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई ऋण असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एका घरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले पनि नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपशील

| क्र सं. | ऋणी सदस्यको विवरण | ऋणीको फोटो | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| १. | नाम : हरिश्चन्द्र पौडेल<br>जन्म मिति : २०३९/०४/२०, वर्षः ४१<br>ना.प्र.न. : ७८३७६<br>जारी मिति : २०५५/०८/०६ कास्की<br>बाब : नारायण पसाद पौडेल<br>बाजे : धर्मदत्त पौडेल<br>ठेगाना : साविक हेम्जा-१, कास्की<br>हाल : पोखरा-२५, हेम्जा |  | १. नाम : कालिका पौडेल<br>बाबु : भुवनशंकर<br>पति : नारायण प्रसाद पौडेल<br>ठेगाना : साविक हेमजा-१, कास्की<br>हाल : पोखरा-२५, हेमजा<br><br>२. नाम : पार्वती अधिकारी<br>नागरिकता न. : १३२६८१ कास्की<br>पति : हरिश्चन्द्र पौडेल<br>ससुरा : नारायण पसाद पौडेल<br>स्थायी ठेगाना : पोखरा १, कास्की<br>हालको ठेगाना : पोखरा २५, हेम्जा<br>फोन नं. : ९८४६५२५१६७ | <br> |
| **धितो विवरण**: श्री हरिश्चन्द्र पौडेलको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला हेम्जा गा.वि.स. वडा नं -१ स्थित कित्ता नं ४६२८ को क्षेत्रफल २०६.६४ वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । | | | | |
| २. | १. नाम : सुरेन्द्रमणी पौडेल<br>जन्म मिति : २०४३/०३/२६<br>ना.प्र.न. : ४६१४८९४१<br>जारी मिति : २०६१/०४/१३ कास्की<br>बाब : सूर्यमणी पौडेल<br>बाजे : देवी प्रसाद पौडेल<br>ठेगाना : लेखनाथ, ६<br>हाल : पोखरा-२६,<br>सम्पर्क नं : ९८५६०२९३०८ |  | १. नाम : सुर्यमणी पौडेल<br>बाबु : देवी प्रसाद पौडेल<br>ठेगाना : साविक लेखनाथ ६<br>हाल : पोखरा-२६ |  |
| **धितो विवरण**: श्री सुरेन्द्रमणी पौडेलको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला साविक शिशुवा वडा नं -८ स्थित कित्ता नं ३९९९ को क्षेत्रफल ०-९-३-२ वर्ग मि. जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । | | | | |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**